राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY
प्रतिदिन १७औं वार्षिकोत्सव

**मानव बेचबिखन अपराध हो ।**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
- यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
- त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १९५ ॥ २०८२ भाद्र १० गते मंगलबार (26th Aug 2025 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# कुवेतमा विषाक्त मदिरा सेवनबाट मृत्यु भएका राजवंशीको शव आइपुग्यो

झापा(प्रस) ।खाडी मुलुक कुवेतमा विषाक्त मदिरा सेवनबाट मृत्यु भएका झापा कचनकवल ७ का २९ वर्षीय रमेश राजवंशीको शव घर आइपुगेको छ । उनीसहित पाँचजना नेपालीको शव आइतवार राति नेपाल आइपुगेको हो । राति १ बजेतिर काठमाण्डौ आइपुगेको शव आफन्तहरुले सोमवार दिउँसो १ बजेतिर घर ल्याइपुर्याएका छन् । सोमवार नै उनको अन्त्येष्टि गरिएको छ । उनका बुवा , श्रीमती र एक छोरी रहेका छन् । कचनकवल ७ का जात्रु राजवंशीका छोरा रमेश निलकमल ह्युमन रिसोर्स प्रालिबाट तीन वर्षअघि कुवेत गएका थिए । इन्टरनेशनल फर जनरल ट्रेडिङ एण्ड कन्ट्र्याक्टिङ कम्पनीमा उनी क्लिनरको काम गर्थे ।



गत साता कुवेतमा विषाक्त मदिरा सेवन गरी अशक्त बनेका १६० बढी एसियाली नागरिक अस्पताल भर्ना भएका थिए । तीमध्ये ५० जना बढी नेपाली थिए । विषाक्त मदिरा सेवनका कारण २३ जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमध्ये १२ जना नेपाली रहेको पुष्टि भएको कुवेतको गृह मन्त्रालयले त्यहाँस्थित नेपाली दूतावासलाई जानकारी दिएको छ । नेपाल पत्रकार महासंघको कुवेत शाखाले भने विषाक्त मदिरा सेवन गर्दा १६ नेपालीको मृत्यु भएको जनाएको थियो । 'कुवेत सरकारले हालसम्म १२ जना नेपालीको मृत्यु भएको पुष्टि गरेको छ । यीमध्ये पाँच जनाको शव हामीले पठाएका हौँ । बाँकी सात जनाको शव आउँदो साता काठमाडौं पठाउँछौँ', कुवेतस्थित नेपाली दूतावासका श्रम सहचारी गिरिप्रसाद आचार्यले भने ।

श्रम सहचारी आचार्यका अनुसार, विषाक्त मदिरा सेवन गरी अशक्त बनेका १३ जना अझै कुवेतका विभिन्न अस्पतालमा उपचारत छन् । यीमध्ये सात जनाको आईसीयूमा, केहीलाई भेन्टिलेटर र केहीको वार्डमा उपचार भइरहेको छ ।

एनआरएनका अधिकारीहरूका अनुसार मदिरा सेवनपछि विरामी परेर अस्पतालबाट डिस्चार्ज भएकाहरू डिपोर्ट हुन थालेका छन् । केही नेपालीलाई उपचारपछि आवश्यक अनुसन्धान गरेर नेपाल पठाईएको एनआरएन कुवेतका महासचिव धामीले बताए ।

त्यस्तै अन्यलाई समेत उपचारपछि डिस्चार्ज भएकाहरूलाई आवश्यक अनुसन्धान गरेर डिपोर्ट गर्ने तयारी छ । नेपालीहरू मात्र नभई उक्त घटनामा संलग्न सबैलाई गम्भीर खालको अपराध देखिएको खण्डमा डिपोर्ट गरिने कुवेती सञ्चारमाध्यमहरूले जनाएका छन् ।

'मेथानोल' नामक घातक रसायन मिसिएको अवैध मदिरा सेवनका कारण १६० जनाभन्दा बढी विरामी परेका थिए । कुवेती स्वास्थ्य मन्त्रालयका अनुसार, यस घटनामा हालसम्म नेपाली, भारतीय, बंगलादेशीसहित विभिन्न देशका २३ जना आप्रवासी कामदारको मृत्यु भएको हो । कुवेती प्रहरीले अवैध मदिरा उत्पादन गर्ने उद्योग चलाउने २ जना नेपालीसहित ४ जनालाई पक्राउ गरेको छ । कुवेती सञ्चारमाध्यमका अनुसार उनीहरूमाथि २३ जनाको हत्या आरोपमा अनुसन्धान भइरहेको जनाएको छ । गत साता कुवेतको आन्तरिक मन्त्रालयले घटनापछि सुरक्षा अभियान सञ्चालन गरेको थियो । जसमा मेथानोल उत्पादन तथा बिक्रीमा संलग्न ६७ जनालाई पक्राउ गरेको थियो ।

# विद्यालय व्यवस्थापन समिति गठनमा राजनीतिक खिचातानी

• **शान्तिराम बस्नेत**

झापा । झापाको शिवसताक्षीस्थित दूधेमा रहेको राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयमा व्यवस्थापन समिति गठनको प्रक्रिया राजनीतिक नेताहरूको स्वार्थका कारण अलमलमा परेको छ ।

गत असार १८ गते विद्यालय व्यवस्थापन समितिको म्याद सकिएपछि पटक-पटक सहमतिको प्रयासमा पनि राजनीतिक आकांक्षीहरु धेरै भएकाले नयाँ समिति गठन हुन नसकेको हो । ९ सय ६५ विद्यार्थी संख्या र ६ सय २३ जना अभिभावक रहेको विद्यालयमा पहिलोपटक बोलाएको अभिभावक भेलामा १४३ जना मात्र अभिभावकहरु उपस्थित भएका थिए। त्यस उपस्थित भेलामा सहमति नजुटेका ।राजनीतिक आस्थाको आधारमा आकांक्षीहरु विद्यालयमा बढ्दा नकारात्मक सन्देश प्रवाह हुने भन्दै बाहिर विरोधका स्वरहरु सुन्न पाइन्छ । विद्यालयको भौतिक संरचना कसरी विकास गर्ने, शैक्षिक गुणस्तर वृद्धिमा कसरी नयाँ आयाम थप्ने भन्दा पनि राजनीतिक भागबण्डामा कसरी आफूलाई उभ्याउने भन्ने बारेमा राजनीतिक दल र व्यक्ति देखिएकैले पनि अहिलेसम्म समिति गठन गर्ने सहमति हुन नसकेको बुझ्न सकिन्छ । दोस्रो सहमतिको प्रयास सफल नभए तेस्रोपटक भेला हुन सक्नेछ । तेस्रोपटक पनि पदकै कारण सहमति नभए निर्वाचन अन्तिम विकल्प हो । निर्वाचन पनि हुन सक्छ, निर्वाचनले नयाँ समिति गठन गर्न सक्नेछ । तर, विद्यालयमा व्यवस्थापन समितिको



कारण अहिलेसम्म समिति गठन हुन नसकेको हो । अभिभावकको कोरम नपुगेको देखिए पनि सहमतिको प्रयाससम्म हुनसक्ने सम्भावनाहरु धेरै भएता पनि विद्यालय जस्तो पवित्र संस्थामा राजनीतिक चलखेल अत्यधिक भएकोले समस्याको निराकरण हुन नसकेको हो ।

पहिलो अभिभावक भेलामा सदस्यका आकांक्षी पुरुषमा ७ जना र महिला १७ जना देखिएका थिए । जुन दुई पुरुष र दुई महिला मात्र आवश्यक थियो । उक्त आकांक्षीमध्येमा अहिले अस्तित्वमा रहेका राजनीतिक दलका प्रतिनिधिहरु अग्रपंक्तिमा रहेको देखिन्छ ।

त्यसो त सहमति जुटाई समिति गठन गर्न सहजताका लागि शिवसताक्षी वडा नं. ११ का वडा अध्यक्ष बहादुर आङबोको संयोजकत्वमा पाँच सदस्यीय सहजीकरण समिति गठन गरिएको थियो । यसमा पूर्व प्रधानाध्यापक कालीप्रसाद रिजाल, पूर्व उपप्रमुख भोजकुमारी नेपाल, सामाजिक व्यक्तित्व धनबहादुर थेबे र पूर्व पीटीए अध्यक्ष अग्नि चापागाई भएको समितिले पनि मार्गप्रशस्त गर्ने प्रयास गरेपनि समिति गठन हुन नसकेको पाईएको छ । पहिलो अभिभावक भेलामा विद्यार्थीको अभिभावकभन्दा धेरै राजनीतिक अभिष्ट पूरा गर्ने हैसियतका साथ भेलामा आएको हल्ला सामाजिक सञ्जालमा सुनिएको थियो

लागि पनि पदको नाममा निर्वाचन भयो भने विद्यार्थी, सर्वसाधारणमा कस्तो सन्देश जान सक्छ, राजनीतिक दलहरुले बुझ्नु पर्ने देखिन्छ ।

विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीका अभिभावकहरु मध्ये ४ जना सदस्य छान्नु पर्ने र ४ जना मध्येबाट अध्यक्ष निर्वाचित गर्नुपर्ने शिक्षा नियमावलीमा व्यवस्था रहेको छ तर राजनीतिक दललाई चार जना छान्न पनि हम्मेहम्मे परिरहेको छ ।

विद्यालय व्यवस्थापन समिति ९ जनाको हुन्छ, जसमा ४ जना अभिभावक, दुई जना मनोनितमध्ये विद्यालयको चन्दादाता र समाजसेवी शिक्षाप्रेमी रहनेछन् भने एकजना शिक्षक प्रतिनिधि र एक जना वडा अध्यक्ष पदेन सदस्य रहने छन् ।

त्यस्तै विद्यालयको प्रधानाध्यापक सदस्य सचिव रहने शिक्षा नियमावलीमा प्रावधान रहेको छ । नियमानुसार ४ जना सहमतिमा आउँछ, चार जनाले दुई जना मनोनित गर्छ, त्यसमध्येबाट ज्येष्ठ नागरिक सदस्यको अध्यक्षतामा बैठक बस्छ । बैठकले सहमति अथवा बहुमतको आधारमा अध्यक्षको चयन गर्ने भएकोले पनि राजनीतिक अभिष्ट नराखी विद्यालयको हितमा काम गर्ने नियतका साथ अघि बढे चाँडै समस्याको समाधान भई विद्यालय व्यवस्थापन समिति गठन हुन समय लाग्दैन ।

## दश दिने बसाइँका लागि पूर्वराजा ज्ञानेन्द्र शाह झापामा

झापा(प्रस)। पूर्वराजा ज्ञानेन्द्र शाह १० दिने बसाइँका लागि आज झापा आइपुगेका छन् ।

सोमवार दिउँसो १२:४५ बजे बुद्ध एयरको बीएचए ९५५ को नियमित उडानमार्फत पूर्व राजा ज्ञानेन्द्र शाह, पूर्वरानी कोमल शाह, छोरी प्रेरणा शाहलगायत ६ सदस्यीय टोली आइपुगेको हो । चन्द्रगढी बिमानस्थलको बिशिष्ट कक्षमा भद्रपुर नगरपालिकाकी नगर उपप्रमुख राधा कार्कीको नेतृत्वमा करिब ४० जनाले पूर्वराजा शाहलगायतलाई फुलमालाले स्वागत गरेका थिए ।



उनीहरुलाई स्वागत गर्न नेपाल विद्वत परिषद्का केन्द्रीय अध्यक्ष जितबहादुर अर्जेल (मोरङ), परिषद्का उपाध्यक्ष बल्लवप्रसाद दाहाल, परिषद्का मोरङ जिल्ला अध्यक्ष पुष्पराज दहाल (मोरङ), पूर्वमन्त्री बद्रीप्रसाद मण्डल, सुभद्रादेवी गेलाल (अर्जुनधारा), ज्वाला दाहाल (धुलाबारी), पप्पुलाल चौधरी( मोरङ), सन्दिप घिमिरे (मोरङ) , पूर्व श्रम तथा पूर्वाधार विकास सहायक मन्त्री टेकनारायण राजवंशी चन्द्रगढी विमानस्थल पुगेका थिए । स्वागतपश्चात् शाह दमक -९ हिमालयन महालक्ष्मी टि इस्टेटस्थित मिनी दरबारतर्फ प्रस्थान गरेका छन् ।

शाहका लागि बा २१ च ७३१८ नं को गाडी ल्याइएको थियो । त्यस्तै बा ६ च २८२९,बा.प्र.०१-०२७ च ६१७१ ,बा १७ च ७३६२ ,बा १ झ १४८४ सशस्त्र प्रहरी अगुवा ,बा १७ च २६७६ सशस्त्र प्रहरी पछुवा ,बा ४ च ६९७६ ,बा १ झ ३९१३ नं. को बससहित ८ वटा गाडी रहेका थिए । यसअघि राजावादीहरुको आन्दोलन चलिरहेका बेला उनी गत जेठको दोस्रो साता झापा आएका थिए । त्यतिबेला उनी दमकमा १५ दिन बसेका थिए ।

## वृद्धा हजुरआमालाई खुकुरी हान्ने सुवेदी पक्राउ

झापा(प्रस) । पैसा माग्दा नदिएपछि वृद्धा हजुरआमालाई खुकुरी हान्ने भद्रपुरका एक युवक करिव दुई महिनापछि पक्राउ परेका छन् ।



पक्राउ पर्नेमा भद्रपुर १० स्थित सत्रबिगे बस्ने २७ वर्षीय महेश सुबेदी रहेका छन् । उनले गत असार १२ गते बिहान ५ बजे एक्लै बस्दै आएकी आफ्नै हजुरआमा ७२ वर्षीया खिनमाया सुबेदीलाई घरमा आई पैसा माग्दा नदिएपछि रिसको आबेगमा खुकुरी प्रहार गरी घाइते बनाएका थिए । घटनापछि फरार रहेका सुवेदीलाई खोजतलासकै क्रममा सोमवार साँझ ५:३० बजे जिल्ला प्रहरी कार्यालय झापाबाट प्रहरी निरीक्षक विजय चौहानको कमाण्डमा खटिएको प्रहरी टोलीले भद्रपुर १० सत्रबिगेस्थित उनको घरबाटै पक्राउ गरेको हो ।

उनलाई जिल्ला प्रहरी कार्यालयमा ल्याई अनुसन्धान भइरहेको छ । उनीबिरुद्ध यसअघि नै ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भइ पक्राउ पुर्जी जारी भइसकेको डीएसपी खगेन्द्र खड्काले बताए । उनलाई अनुसन्धानको लागि म्याद थप गर्न मंगलवार जिल्ला अदालतमा पेश गरिने डीएसपी खड्काले जानकारी दिए ।

# पहिलो महिनामै राजस्व संकलनमा धक्का

लक्ष्मी उप्रेती

मेचीनगर । चालु आर्थिक वर्ष २०८२–८३ को पहिलो महिनामै पूर्वकै ठूलो मेची भन्सार कार्यालय काँकरभिट्टालाई राजस्व संकलनमा धक्का लागेको छ । पूर्वी नेपालको मुख्य प्रवेशद्वारका रुपमा २०१३ सालमा स्थापित मेची भन्सार कार्यालय नेपालकै ठूला भन्सार कार्यालयहरुमध्ये एक महत्वपूर्ण कार्यालयको रूपमा परिचित छ । मुख्य भन्सार कार्यालयहरु विरगञ्ज, भैरहवा, सुख्खा बन्दरगाह, विराटनगर, रसुवा, त्रिभुवन विमानस्थल, नेपालगन्ज र तातोपानीपछि राजस्व संकलनको आधारमा नवौं स्थानमा रहेको छ यो कार्यालय ।




कार्यालयले चालु आवको पहिलो महिना साउनमा लक्ष्य अनुसार राजस्व संकलन गर्न सकेन । चालु आर्थिक वर्षको पहिलो महिनामै कार्यालय लक्ष्य अनुसार राजस्व संकलन गर्न असफल भएको छ । यो वर्ष नेपाल सरकार, अर्थ मन्त्रालय भन्सार विभागले यस कार्यालयलाई १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार रुपैयाँ रूपैयाँ राजस्व संकलनको लक्ष्य दिएको छ ।

कार्यालयको लक्ष्य अनुसार एक महिनामा डेढ अर्बभन्दा बढी रूपैयाँ राजस्व संकलन गनुपर्छ तर पहिलो महिना साउनमा एक अर्ब २६ करोड ५० लाख ७९ हजार रुपैयाँ वा ९० दशमलव ३२ प्रतिशतमात्र राजस्व संकलन भएको छ । चालु आवको पहिलो साउन महिनामा एक अर्ब ४० करोड ७५ लाख दुई हजार रुपैयाँ राजस्व असुलीको लक्ष्य थियो ।

गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा भने सात दशमलव ७४ प्रतिशत बढी राजस्व संकलन भएको कार्यालयले जनाएको छ । मुलुकको अर्थतन्त्रमा देखिएको समस्याको असर राजस्व संकलनमा परेको हो । गत आर्थिक वर्षमा पनि यस कार्यालयले राजस्व संकलनमा लक्ष्य पुरा गर्न सकेको थिएन ।

कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८१–८२ को एकवर्षे अवधिमा ९१ दशमलव ८६ प्रतिशतमात्र राजस्व संकलन गरेको थियो । वितेका अघिल्ला छ वटा आर्थिक वर्षको राजस्व संकलन समेत चित्तबुझ्दो छैन । आर्थिक वर्ष २०७७–७८ र २०७८–७९ बाहेक चार वटा आर्थिक वर्ष कार्यालय लक्ष्य अनुसारको राजस्व संकलन गर्न असफल भएको छ । आर्थिक वर्ष २०७७–७८ मा एकसय आठ दशमलव शुन्य तीन र २०७८–७९ मा एकसय ११ दशमलव ३४ प्रतिशत राजस्व संकलन गरेको छ । त्यसपछि ओरालो लागेको राजस्व संकलन अझै पुरानो लयमा फर्किन सकेको छैन ।

आर्थिक वर्ष २०७६ –७७ मा ६३ दशमलव ५८ प्रतिशत,२०७९–८० मा ७० दशमलव १५ प्रतिशत, २०८०–८१ मा ७८ दशमलव ४० प्रतिशत र २०८१–८२ मा ९१ दशमलव ८६ प्रतिशतमात्र राजस्व संकलन भएको छ । यस भन्सार कार्यालयबाट भारत, चीन, बंगलादेश, भुटान लगायतका तेस्रो मुलुकहरुबाट समेत मालवस्तु पैठारी र निकासी गर्दैं आएको छ । गत वर्ष राजस्वको लक्ष्य पुरा नगरेको कार्यालयले यो वर्ष पनि त्यसकै निरन्तरता हुने संकेत देखिएको छ । राजस्व संकलन हरेक वर्ष वृद्धि हुँदै जानुपर्ने भए पनि पहिलो महिनामै राजस्वमा धक्का लाग्नुले नकारात्मक सन्देश जाने बताइएको छ ।

'पहिलो महिनामै राजस्वमा धक्का मुलुकको अर्थतन्त्रमा देखिएको समस्याको असर हो' एकजना सरकारी अधिकारीले बताए । आर्थिक क्रियाकलापमा शिथिलता आउँदा त्यसको असर राजस्व संकलनमा देखिएको उनीहरुको भनाई छ । गत वर्ष राजस्वको लक्ष्य पुरा नगरेको कार्यालयले यो वर्ष पनि त्यसकै निरन्तरता हुने संकेत देखिएको छ । राजस्व संकलन हरेक वर्ष वृद्धि हुँदै जानुपर्ने भए पनि पहिलो महिनामै राजस्वमा धक्का लाग्नुले नकारात्मक सन्देश जाने बताइएको छ । 'पहिलो महिनामै राजस्वमा धक्का मुलुकको अर्थतन्त्रमा देखिएको समस्याको असर हो' एकजना सरकारी अधिकारीले बताए । आर्थिक क्रियाकलापमा शिथिलता आउँदा त्यसको असर राजस्व संकलनमा देखिएको उनीहरुको भनाई छ ।

भारतको पश्चिम बंगाल र विहार प्रान्तसँग सिमाना जोडिएको यस भन्सार कार्यालयको मूल भन्सार काकरभिट्टामा र मातहतमा ६ वटा छोटी भन्सार कार्यालयहरु रहेको छ । यस भन्सार कार्यालय भारतको पश्चिम बंगाल राज्यमा अवस्थित पानीटंकी ल्याण्ड कस्टम्ससँग जोडिएको छ । यस भन्सार कार्यालयबाट भारत, चीन, बंगलादेश, भुटान लगायतका तेस्रो मुलुकहरुबाट समेत मालवस्तु पैठारी र निकासी गर्दैं आएको छ ।

# सुटकेश शव प्रकरण: रुबीको हत्यारा नजिक प्रहरी

झापा(प्रस) । रौतहटको माधवनारायण नगरपालिका-६ की २६ वर्षीया रुबीकुमारी साहको हत्या योजनाबद्ध तरिकाले गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। शनिवार साँझ डेराबाट बाहिर निस्किएपछि उनी हराएकी थिइन्। राति नै गौर-सिरसिया सडकखण्डअन्तर्गत मुडवलवा गेट नजिक ठूलो निलो सुटकेश भेटियो। प्रहरी स्रोतका अनुसार सुटकेश डोरीले कस्सिलो बाँधिएको थियो।

आइतवार बिहान प्रहरी टोलीले सुटकेस खोलेपछि भित्र खुम्च्याइएको अवस्थामा रुबीको शव फेला पर्‍यो। शवमा गम्भीर चोटपटक नभएको तर नाकबाट रगत बगेको पाइएको प्रहरीले जनाएको छ।

"यो शैलीमा शव प्याक भएको घटना रौतहटमा पहिलो पटक हो", जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणी गिरीले भने, "प्रारम्भिक अनुसन्धानले यो साधारण हत्या नभई योजनाबद्ध अपराध हो भन्ने देखाउँछ।"

शव लुकाउन प्रयोग भएको ई-रिक्सा चालकलाई प्रहरीले सोमवार नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेमा गौर बजारका ई-रिक्सा चालक लक्ष्मण महरा रहेका छन्। प्रहरीका अनुसार रुबीको शव सुटकेसभित्र राखेर लैजान महराको ई-रिक्सा ५ सय रुपैयाँमा भाडामा लिइएको थियो। सुटकेस गंगापिप्रासम्म लैजान ई-रिक्सा प्रयोग



गरिएको तर मुडबलवा गेट नजिकै गाडीमा समस्या आएपछि हत्याराले ई-रिक्सा फिर्ता पठाई सुटकेस सडक छेउमै फालेर भागेको देखिन्छ। महराले भने आफूलाई सुटकेसभित्र के छ भन्ने थाहा नभएको बयान प्रहरीलाई दिएका छन्।

घटनास्थल नेपाल-भारत सीमा नजिक पर्छ। शव सीमाबाट करिब दुई किलोमिटर दूरीमै फेला परेपछि प्रश्न उठेको छ। के रुबीको हत्या भारतमै गरेर नेपाल ल्याइयो वा नेपालमै हत्या गरेर सीमा छेउमा फालियो? यसबारे यकिन खुल्न बाँकी छ।

प्रहरीले वरपरका सिसीटीभी फुटेज संकलन गरिरहेको छ। साथै मृतकका श्रीमान्, आमा र भाइसहित नजिकका परिवारजनसँग बयान लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

रुबीको विवाह पाँच वर्षअघि भारतको मुजफ्फरपुर निवासी शिव सागर साहसँग भएको थियो। हाल उनी गौर-२ महादेवपट्टीस्थित छोरासँगै डेरामा बस्दै आएकी थिइन्।

मोबाइल हराउनु, शव प्याक गर्ने अस्वाभाविक शैली र सीमा नजिक शव फेला पर्नुजस्ता तथ्यले अनुसन्धानलाई फरक दिशामा डोर्‍याइरहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी राजु कार्कीले अनुसन्धान तीव्र गतिमा भइरहेको जनाउँदै भने, "हामी डिजिटल प्रमाण, पारिवारिक पृष्ठभूमि र सम्भावित सम्बन्धलाई केन्द्रीत गर्दै अघि बढिरहेका छौँ। प्रहरी मुख्य अपराधीको नजिक पुगेको छ, चाँडै नियन्त्रणमा लिने तयारी भइरहेको छ।"

# मन्त्री फेर्न प्रधानमन्त्रीलाई जसपा र लोसपाको दबाब



झापा(प्रस) । सत्तारूढ जसपा र लोसपाले आफ्नो पार्टीका मन्त्री फेर्न प्रधानमन्त्री केपी शर्मा ओलीमाथि दबाब बढाएका छन् । जसपाको शनिबार बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले आफ्ना मन्त्रीहरू फिर्ता बोलाउने र नयाँ मन्त्री नियुक्ति गर्ने निर्णय गरेको हो । मन्त्री बदल्न जसपाले प्रधानमन्त्री ओलीलाई ११ भदौसम्म 'अल्टिमेटम' नै दिएको छ । जसपाका प्रदीप यादव खानेपानीमन्त्री र नवलकिशोर सुडी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री छन् । यादवको ठाउँमा वीरेन्द्र महतो र सुडीको ठाउँमा रञ्जुकुमारी झाको नाम प्रधानमन्त्रीलाई बुझाइएको छ । मन्त्री यादवले उक्त निर्णयमा आपत्ति जनाउँदै पदबाट नहट्ने बताएपछि जसपाले केन्द्रीय कार्यकारिणी समितिको बैठकबाटै निर्णय गरेर प्रधानमन्त्री ओलीलाई मन्त्री बदल्न अल्टिमेटम दिएको हो ।

कांग्रेससँगको समीकरण बन्नुअघि एमाले-माओवादी गठबन्धनको तीन महिनाको कार्यकालसमेत जोडेर एक वर्षका लागि मन्त्री बन्ने भनिएको जसपा सांसद महतोले बताए । 'त्यसअनुसार मन्त्रीका लागि पार्टीले नाम पनि दियो । तर, हालसम्म परिवर्तन नभएपछि पार्टीले अल्टिमेटम दिनुपरेको हो,' उनी भन्छन्, '११ भदौसम्म हाम्रा मन्त्री परिवर्तन नभए सरकारलाई विश्वासको मत कायम राख्दै त्यसै दिन राजीनामा दिने निर्णय पार्टीले गरेको छ ।'

लोसपाले पनि पार्टीबाट श्रममन्त्री भएका शरदसिंह भण्डारीको ठाउँमा सर्वेन्द्रनाथ शुक्ललाई मन्त्री बनाउन गत ५ साउनमै प्रधानमन्त्री ओलीलाई नाम बुझाएको थियो । नाम बुझाएको एक महिना बितिसक्दासमेत प्रधानमन्त्रीले मन्त्री नफेर्दा लोसपा अध्यक्ष महन्थ ठाकुरले केही दिनअघि प्रधानमन्त्री ओलीलाई भेटेरै दबाब दिएका थिए । एक वर्षअघि पार्टीबाट कसलाई मन्त्री पठाउने भन्ने निर्णय शुक्लकै निवासमा भएको थियो । 'मेरै निवासमा भएको बैठकमा महन्थजीले एक वर्षका लागि भण्डारीजी जाने र त्यसपछि मलाई पठाउने भद्र समझदारी भएको हो,' शुक्लले भने, 'पार्टीभित्र झगडा भएर होइन, प्रधानमन्त्रीले ढिलाइ गरेर रोकिएको हो ।' प्रधानमन्त्री ओली भने सबै सहयोगी दलबाट एकैसाथ मन्त्री फेर्ने योजनामा थिए ।

## उर्मिलालाई एसियाली शारीरिक सुगठनमा कांस्य

झापा(प्रस) । नेपालकी उर्मिला श्रेष्ठले थाइल्यान्डको बैंककमा जारी ५७औँ एसियाली शारीरिक सुगठन च्याम्पियनसिपअन्तर्गत एथलेटिक्स फिजिक्समा कांस्य पदक जितेकी छिन् ।

उनले ३५ वर्षमाथिका उमेरसमूहमा कांस्य पदक जितेकी हन् । आठ खेलाडी सहभागि उक्त स्पर्धामा थाइल्यान्डकी सिरिन्थिप इन्सीले स्वर्ण तथा लाओसकी सोमानिन फानोसिथले रजत जितेका थिए ।

उर्मिला एथलेटिक्स फिजिक्सकै ओपन क्याटेगोरीमा भने चौथो भएको नेपाली टोलीका अफिसियल दिनेश राजभण्डारीले जानकारी दिए ।

## शिक्षाका लागि बाहिरियो एक खर्ब ३८ अर्ब

झापा(प्रस) । देशभित्र उच्च शिक्षाका लागि विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्था सञ्चालनमा रहेको भएपनि ठूलो मात्रामा धनराशी विदेशिने गरेको छ ।



नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८१/८२ को विवरणअनुसार शिक्षाका लागि मात्रै एक खर्ब ३८ अर्ब ४८ करोड रुपैयाँ विदेशिएको छ । अघिल्लो वर्ष शैक्षिक गतिविधिका लागि एक खर्ब २५ अर्ब १३ करोड रुपैयाँ रकम विदेशिएको थियो ।

केन्द्रीय बैङ्कका अनुसार सेवा खाताअन्तर्गत भ्रमण व्यय १८.१ प्रतिशतले वृद्धि भई दुई खर्ब २३ अर्ब ७२ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्ष भ्रमण व्यय एक खर्ब ८९ अर्ब ४३ करोड रुपैयाँ रहेको थियो ।

आव २०८१/८२ मा खुद सेवा आय ९० अर्ब ९४ करोड रुपैयाँले घाटामा रहेको छ । अघिल्लो वर्ष खुद सेवा आय ५५ अर्ब ८६ करोड रुपैयाँले घाटामा थियो ।

सेवा खाताअन्तर्गत समिक्षा वर्षमा भ्रमण आयत ७.७ प्रतिशतलृ वृद्धि भई ८८ अर्ब ६६ रुपैयाँ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय ८२ अर्ब ३३ करोड रुपैयाँ थियो ।

## नाबालिकालाई सामूहिक बलात्कार गर्ने दुई पक्राउ



झापा(प्रस) । १७ वर्षीया नाबालिकालाई जंगलमा सामूहिक बलात्कार गर्ने कचनकवलका दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा कचनकवल गाउँपालिका ७ बस्ने ७१ वर्षीय पहलमान पौडेल खत्री र सोही ठाउँ बस्ने ५५ वर्षीय रत्नबहादुर तामाङ रहेका छन् । उनीहरुले भदौ ५ गते साँझ ६ बजे पाथीभरा सामुदायिक वनमा लगी ललाई फकाई तथा डरत्रास देखाई नाबालिकालाई जवरजस्ती करणी गरेका थिए ।

आइतवार दिउँसो नाबालिकाकी आमाले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि इलाका प्रहरी कार्यालय बनियानीबाट प्रहरी टोली खटिएर खत्री र तामाङलाई नियन्त्रणमा लिएको हो । दुवैजनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय पठाइएको छ ।

जिल्ला अदालतमा पेश गराउँदा ५ दिनको म्याद प्राप्त भई थप अनुसन्धान जारी रहेको डीएसपी खगेन्द्र खड्काले बताए ।

## अनेमसंघ (क्रान्तिकारी) शिवसताक्षीको अध्यक्षमा रिता



झापा(प्रस) ।अखिल नेपाल महिला संघ (क्रान्तिकारी) शिवसताक्षीको नयाँ नगर कमिटी गठन भएको छ ।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) शिवसताक्षीको नगर भेला तथा हरितालिका तीज विशेष कार्यक्रमबाट रिता लामा थापाको संयोजकत्वमा २१ सदस्यीय नगर कमिटी गठन भएको हो । नेकपा माओवादी केन्द्र शिवसताक्षी नगर कमिटीका अध्यक्ष दुर्गा नेम्बाङको अध्यक्षता तथा पार्टीका केन्द्रीय सदस्य तथा पूर्व कृषिमन्त्री झलकसिंह दर्लामीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विशिष्ट अतिथि १ नम्बर प्रदेश कमिटीका सचिवालय सदस्य कल्पना कार्की, प्रदेश कमिटी सदस्य तथा अनेम संघ क्रान्तिकारीका प्रदेश कमिटी सचिव भूमिका कोईराला, अतिथिहरुमा जिल्ला कमिटी सदस्य तथा नगर इन्चार्ज एनपी लामिछाने, जिल्ला कमिटी सदस्य रामजी कार्की, पूर्व नगर उपाध्यक्ष गणेश बजगाई,अनेम संघ क्रान्तिकारी जिल्ला उपाध्यक्ष कचाली ताजपुरिया, जिल्ला सदस्य अम्बिका आचार्यलगायत रहेका थिए ।

पार्टीका नगर अध्यक्ष दुर्गा नेम्बाङले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा कचाली ताजपुरियाले स्वागत मन्तब्य राखेकी थिइन् । कार्यक्रमको संचालन पार्टीकी नगर कमिटी सह-सचिव देविका खनाल "वर्षा"ले गरेकी थिइन् । सयभन्दा बढीको उपस्थिति रहेको कार्यक्रममा दर खुवाउनुका साथै सामूहिक नृत्य प्रस्तुत गरिएको थियो ।

## वितरक महासंघ कोशीको साधारण सभा बिर्तामोडमा

झापा(प्रस) । नेपाल वितरक महासंघ कोशी प्रदेशको दोस्रो वार्षिक साधारण सभा तथा अधिवेशन यही भदौ १३ र १४ गते बिर्तामोडमा हुने भएको छ ।

मेची डिष्ट्रिव्यूटर्स एशोसिएसनको आतिथ्य र व्यवस्थापनमा नेपाल वितरक महासंघको दुई दिने कार्यक्रम बिर्तामोडको होटल सिद्धार्थमा हुन लागेको हो । भदौ १३ गते अन्तरक्रिया कार्यक्रम र १४ गते साधारण सभा तथा अधिवेशन गर्ने गरी तयारी थालिएको हो ।

कार्यक्रम सम्पन्न गर्नका लागि सुरेशकुमार अग्रवाल भद्रपुरेको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ । मूल आयोजक समितिले बिर्तामोडमा कार्यक्रम गरी दुई दिने कार्यक्रमको व्यानर सार्वजनिक गरेको छ ।

नेपाल उद्योग वाणिज्य महसंघका केन्द्रीय सदस्य उमेश डालमियाको प्रमुख आतिथ्य एवं मेची डिष्ट्रिव्यूटर्स एशोसिएसनका अध्यक्ष राजीव श्रेष्ठ वैजुको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने , मेची डिष्ट्रिव्यूटर्स एशोसिएसनका सल्लाहकार प्रकाश शिवाकोटीलगायतको आतिथ्यता रहेको थियो ।

मूल आयोजक समितिका संयोजक भद्रपुरेले दुई दिने कार्यक्रमको तयारीबारे जानकारी दिँदै पहिलो दिन उत्पादक र वितरकका कोशी प्रदेश स्तरीय बजार प्रतिनिधिहरुसंग अन्तरक्रिया गरिने बताए । विदेश पलायन र आर्थिक मन्दीका कारण बिक्री घट्दा आफूहरु मारमा परिरहेको बताउँदै उत्पादक कम्पनीहरुले मार्जिन बढाउनु पर्ने वितरकहरुको माग रहेको छ ।

दुई दिने कार्यक्रमको प्रमुख अतिथि नेपाल वितरक महासंघका केन्द्रीय अध्यक्ष दुर्गा गौतम रहने कार्यक्रम संयोजक भद्रपुरेले जानकारी दिए ।

कार्यक्रममा कोशी प्रदेशभरिका वितरकहरु र मेची डिष्ट्रिव्यूटर्स एशोसिएसनमा आवद्ध सदस्य गरी करिव दुईसय जनाको सहभागिता रहने जनाइएको छ । मेची डिष्ट्रिव्यूटर्स एशोसिएसनमा ७५ वटा डिलरहरु आवद्ध रहेको एशोसिएसनका सचिव सन्तोषकुमार श्रेष्ठ कसजुले बताए ।




## तमोर नदीमा ट्रिपर खस्दा चालक बेपत्ता

झापा(प्रस) । तमोर नदीमा ट्रिपर खस्दा चालक बेपत्ता भएका छन् ।



ताप्लेजुङ फक्ताङलुङ -६ लेलेपस्थित तमोर करिडोर सडकखण्डमा तमोर खोला-५ हाइड्रोपावरको ग १ क ६३१८ नम्बरको टिपर बिग्रिएको थियो । सोमवार दिउँसो १.४० बजे सोही हाइड्रो पावरमा मेकानिकका रुपमा काम गर्ने तनहुँ सुक्ला गण्डकी गाउँपालिका -४ बस्ने २४ वर्षीय सुदिप सुबेदीले टिपर मर्मत गरी चेक गर्ने क्रममा अचानक टिपर सडकदेखि करिब २५ मिटर तल तमोर नदीमा खसेर दुर्घटना भएको हो । टिपर नदीको विचमा पुगेको छ भने मेकानिक सुवेदी बेपत्ता भएका हुन् ।

रणशार्दुल गणको सुरक्षा पोष्ट लेलेपबाट १० जना, प्रहरी चौकी लुङधुङबाट ३ जना र सशस्त्र प्रहरी बल, नेपाल अपर तमोर जलविद्युत आयोजना सुरक्षा बेस ठौवाबाट ७ जनाको टोली खटिएर फक्तालुङ -३, शिवास्थित तमोर नदीको किनारमा खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री वृहस्पति राई, उत्तरः श्री टिका श्रेष्ठको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री पावर्ती कुर्मीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ६ | १७९० ०४३ | ९१९ | १६९. ३० | २०८२/ ०३/०६ | २०८२/ ०३/१५ | २०८२/ ०४/२५ |

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# तीजको शुभकामना

**पूर्वीय वैदिक सनातन धर्म परम्पराका बिभिन्न पौराणिक एवं आध्यात्मिक ग्रन्थहरूमा , खासगरि स्कन्द पुराण र भविष्योत्तर पुराणमा बर्णन भए बमोजिम राजा हिमालयले आफ्नी पुत्री गौरीको बिबाह भगवान बिष्णुसंग गरिदिने निधो गरेपश्चात् साथीहरूले हरेर (सखीहरूको सहयोगमा)बिकट स्थानमा पुर्याए र त्यही गौरी (पार्वती ) ले कठोर तपस्या गरिन् । उनको तपस्याबाट महादेव प्रसन्न भएर भाद्र महिनाको शुक्ल पक्षको तृतीया तिथि हस्ता नक्षत्रका दिन स्वयं प्रकट भई गौरीको तपस्या स्वीकार्दै आशीर्वाद दिएर तपस्या सफल तुल्याईदिएकाले हरेक वर्ष भाद्र महिनाको शुक्ल पक्षको तृतीयाका दिन तीज पर्व मनाउंदै आएको पाईन्छ ।सखीहरू (आलीका)बाट हरेर तपस्या गराई सफल भएकोले तीज पर्वलाई हरितालिका तीज पनि भनिन्छ ।**

**तीज पर्व नेपालमा मात्र नभएर भारत वर्षका बिभिन्न स्थानहरूमा मनाईन्छ ।यस पर्वलाई हरियाली तीज, काजरी तीज,केभाडा तीज,अखा तीज,काजल तीज,तीजरी तीज आदि आदि नामबाट मनाईन्छ । कतै कतै बैशाख तथा श्रावण महिनामा पनि मनाउने गरिन्छ।तर समग्रमा तीजको महत्व र मान्यता समान देखिन्छ। हरितालिका तीज नेपाल लगायत भारतका बिभिन्न स्थानहरूमा धुमधामसंग मनाउने गरिन्छ । अहिले आएर संसारका बिभिन्न देशमा नेपाली र भारतीय समुदायले तीज पर्व मनाएको पाईन्छ । खासगरि नेपाली समुदायले बिदेशमा विशेष पर्वको रूपमा मनाउंदै आएको देखिन्छ । अर्को शब्दमा भन्नुपर्दा यो पर्व नेपालीहरूको साँस्कृतिक पहिचानको रूपमा बिदेशमा परिचित भइराखेको देखिन्छ ।**

**तीज पर्व सामान्य हर्षोल्लासका निमित्त मनाउने चाड मात्र नभएर यसको आफ्नै सामाजिक, सांस्कृतिक, आध्यात्मिक एवं तात्विक महत्व रहेको छ।त्यसो त हाम्रा अधिक चाडहरू यिनै महत्वले ओतप्रोत छन्।सामाजिक सद्भाव,मेलमिलाप एवं समाजका विविध बिसंगति र सामाजिक अधिकारलाई उजागर गर्ने पर्बको रूपमा हजारौं हजार वर्षदेखि यो चाड मनाईदै आएको छ। यो चाडले साँस्कृतिक रीतिरिवाज परम्परा एवं गीत संगीत अनि भेषभुषालाई संरक्षण र संबर्द्धन गर्दै आएको छ।हालका दिनहरूमा संसारभर छरिएर रहेका नेपालीहरूमार्फत तीजको माध्यमबाट साँस्कृतिक पहिचान गराउने काम भईरहेको छ।**

**समय परिवर्तनशील र गतीशील छ।समयको परिवर्तनशीलता र गतिशीलता संगसंगै मानव समाज र सभ्यताहरूको परिवर्तन हुँदै आएका छन् । समयको गतिसंगै भएका सकारात्मक एवं श्रृजनशील परिवर्तनहरूले समाज र सभ्यताहरूलाई वैभवता प्रदान गर्दै विकासको उचाईमा पुर्याएका छन् । समयको बदलिंदो प्रवाह संगसंगै नकारात्मक र असृजनशील परिवर्तनहरूले समाज र सभ्यताहरूलाई बदनाम गर्दै बिनासको बिन्दुसम्म पुर्याएका छन् । तीज पर्व पनि समयको परिवर्तित चक्र संगसंगै परिवर्तन हुँदै आएको छ र समय अनुकूल मूलभूत यथार्थ, मूल्य र मान्यतामा आँच नआउने गरि परिवर्तन हुन आवश्यक छ । सबैलाई तीज पर्वको शुभकामना ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसंगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# बालमैत्री व्यावहारिक शिक्षा



• लक्ष्मीधर गुरागाईं

बालबालिकालाई उनीहरूको समग्र विकासमा सहयोग पुऱ्याउने खालको शिक्षा दिनु आवश्यक हुन्छ । जुन शिक्षा प्राप्त गरेपछि उनीहरूको जीवन सुनिश्चित हुन सकोस् । उनीहरूलाई दिइने शिक्षामा देहायका पक्ष समेटिनु आवश्यक हुन्छ ।

**बालमैत्री र रुचिकर शिक्षा**

कुनै पनि कुरा गीत, कथा, खेल वा चित्रका माध्यमबाट बालबालिकालाई कुनै कुरा सिकाइयो भने त्यसरी गरिएको सिकाइ दिगो हुन्छ । उनीहरूका मनमा रहेको उत्साह र जिज्ञासालाई प्रोत्साहन गर्ने वातावरणमा शिक्षा दिनु पर्छ तर परम्परादेखि चल्दै आएको डर, त्रास र दण्ड दिने खालको शिक्षालाई हामीले सधैँका लागि रोक्नु पर्छ ।

**नैतिक र सामाजिक शिक्षा**

बालबालिकालाई विभिन्न खालका नैतिक वा पौराणिक कथा सुनाएर उनीहरूमा दया, प्रेम, सेवा, सहानुभूति, अनुशासन, जिम्मेवारीबोधका विभिन्न कुरा सिकाउन सकिन्छ । त्यसका लागि शिक्षकले विषयवस्तु सुहाउँदिला कथा र प्रसङ्ग खोजी गरी आफू तयार हुनु पर्छ । एक जना शिक्षक हुनुहुन्थ्यो । एक दिन उहाँ पढाउनका लागि कक्षा कोठामा पस्नुभयो । उहाँले विद्यार्थीलाई सोध्नुभयो, "नानीबाबु हो, आज कुन पाठ पढ्ने ?"

'आज नम्रता शीर्षक पाठ पढ्ने हो गुरुदेव !' विद्यार्थीले एकस्वरमा भने ।

"नानीबाबु हो, म आँ गर्छु तिमीहरू पहिले मेरो मुखभित्र हेर है अनि मेरा प्रश्नको जवाफ दिनु ।"

'हुन्छ गुरुदेव !' विद्यार्थीले एक स्वरमा भने । यति भनेर उहाँले आँ गरेर विद्यार्थीलाई आफ्नो मुख देखाउनुभयो । गुरुले फेरि सोध्नुभयो, "तिमीहरूले मेरो मुख भित्र हेऱ्यौ ?"

'हेऱ्यौं गुरुदेव !' उनीहरूले एक स्वरमा जवाफ दिए । 'तिमीहरूले मेरा मुखभित्र दाँत देख्यौ ?' गुरुको प्रश्न सुनेर विद्यार्थी पहिले हाँसे अनि भने, "गुरु, हजुरको मुखभित्र दाँत त एउटा पनि छैन ।"

'ए, दाँत छैनन् ? जिब्रो नि जिब्रोचाहिँ देख्यौ कि देखेनौ ?' गुरुले प्रतिप्रश्न गर्नुभयो । विद्यार्थीले एक स्वरमा जवाफ दिए, "जिब्रो त देख्यौं गुरु, जिब्रो त छ ।"

'नानीबाबु हो, त्यो जिब्रो म मेरी आमाका कोखबाट जन्मिँदा मेरो मुखभित्र टाँसिएर आएको हो, त्यो अझै छ । ती दाँतहरू त पछि आएका थिए तर किन पहिले नै किन फुक्लेर गए ? पहिले आएको जिब्रो किन फुक्लेर गएन ?' गुरुले सोध्नुभयो । विद्यार्थी केही बोल्न सकेनन् । उनीहरू मुखामुख गरेर बसिरहे । गुरुले फेरि भन्नुभयो, "बाबु हो, जिब्रो नरम हुन्छ, म जन्मिँदा आएको जिब्रो आजसम्म मेरा मुखभित्र छँदै छ, ती दाँतहरू पछि उम्रेका हुन् । ती कडा थिए, त्यसैले पहिले नै फुक्लेर गए । नानीबाबु हो, तिमीहरू पनि लामो समयसम्म बाँच्न चाहन्छौ भने दाँत जस्तो कडा होइन । जिब्रो जस्तै नरम बन, सबैसित मिठो बोली बोल, नम्र बनेर बोल ! जिब्रोको गरिमा मिठो बोलीमा ।' गुरुका कुराले विद्यार्थीले नम्रताको महत्व बुझे । त्यस दिनदेखि विद्यार्थीले नम्रता भन्ने पाठ राम्ररी बुझे । सबै विद्यार्थी नम्र बने ।

**बौद्धिक तथा सिर्जनात्मक विकास**

बालबालिकाले आफूलाई लागेका प्रश्न गर्ने, स्वतन्त्र रूपमा विचार प्रस्तुत गर्ने र उनीहरूले नयाँ नयाँ कुरा गम्भीर बनेर सोच्ने क्षमताको विकास गराउने खालको शिक्षा दिनु पर्छ । बालबालिकालाई एउटा अग्लो घरमाथि लगेर त्यहाँबाट देखिएको दृश्यलाई लेख्न तथा चित्र बनाउन लगाउने काम गर्नाले उनीहरूमा सिर्जनात्मक क्षमताको स्वतः विकास हुन जान्छ । यस्ता प्रयोगबाट शिक्षकहरूले कुन बालबालिकामा के कस्तो सिर्जनशीलता विद्यमान छ भनेर पहिचान गर्न सकिन्छ । तपाईंका घरमा को को हुनुहुन्छ ? चित्र बनाएर देखाउनुहोस् भनेर चित्र कोर्न लगाउने अथवा आफ्ना घरपरिवार, छरछिमेकीका विषयमा लेख्न लगाउने । सिर्जनशील गतिविधि जस्तै आफूलाई मन लागेको चित्र बनाउने, स्वतन्त्र रूपमा कथा लेख्ने, कविता लेख्ने बालबालिकालाई जिम्मेवारी दिनु पर्छ ।

**व्यावहारिक र जीवन उपयोगी शिक्षा**

आफ्ना जीवनमा प्रयोग हुने खालका सिपहरू बालबालिकालाई सिकाउनु पर्छ । बिहान उठेर आफ्नो बिछ्यौना मिलाउने, कोठा बढार्ने, आफ्ना लुगा आफैँ धुने, आफूले खाएको थाल, कचौरा माझ्ने, आफ्नो व्यक्तिगत सरसफाइ गर्ने कला सिकाउनु व्यावहारिक र जीवन उपयोगी शिक्षा हो ।

त्यसै गरी आफूभन्दा ठुलाको सत्कार गर्न, नमस्ते, ढोग गर्न र आफूभन्दा सानालाई माया गर्न बालबालिकालाई सिकाउनु पर्छ । स्वच्छता, समय व्यवस्थापन, संवाद सिप सिकाउने खालको शिक्षा बालबालिकालाई दिनु उपयुक्त हुन्छ । कसैले कुनै सानोतिनो सहयोग गरे भने धन्यवाद भन्न सिकाउनु पर्छ । अरूबाट कुनै काम गराउनु परेमा कृपया भन्ने शब्दबाट सिकाउन सकियो भने उनीहरूमा शिष्टताका साथै व्यावहारिक तथा उपयोगी शिक्षाको भरपूर विकास हुन जान्छ ।

**समान अवसर र समावेशिता**

जात, वर्ग, लिङ्ग, क्षमता भौगोलिक आदि आधारमा कसैलाई विभेद नगरी सबै बालबालिकालाई समान अवसर दिने खालको शिक्षा दिनु पर्छ । संसारमा जति मानिस छन् सबै मानिस समान हुन्छन् । जात, वर्ण, लिङ्ग, भूगोलका आधारमा कोही ठुला र कोही साना हुँदैनन् भन्ने कुरा बालबालिकालाई बुझाइदिनु पर्छ । जसरी मानिसहरूको रूपरङ फरक फरक हुन्छ त्यसै गरी बानी व्यहोरा, क्षमता, रुचि, ज्ञान, सिप र धारणा पनि सबैको फरक हुन्छ भन्ने कुरा उनीहरूलाई राम्ररी सिकाउनु पर्छ ।

**प्रकृति र संस्कृतिमैत्री**

सबै बालबालिकालाई वातावरण संरक्षण, सांस्कृतिक पहिचान र स्थानीय ज्ञानको सम्मान गर्ने खालको शिक्षा दिनु आवश्यक छ । मानिसहरूको सोच, भावना र व्यवहारमा सन्तुलित विकास गर्ने खालको शिक्षा दिनु पर्छ । बाल्यकालदेखि नै उनीहरूलाई बिरुवा रोप्न, त्यसलाई गोडमेल गर्न र मलजल गर्न सिकाउनु पर्छ । बोटबिरुवाले मानिसलाई अक्सिजन दिन्छन् । दाउरा, काठ र फलफूल दिने मात्र होइन मानिसका घर बनाउन पनि बोटबिरुवाबाट नै काठ उपलब्ध हुन्छ भन्ने कुरा बुझाएर प्रकृतिमा वातावरण सन्तुलन राख्न सबै जीवजन्तु, प्राणी, वनस्पतिको उत्तिकै मह□व हुने कुरा बुझाइदिनु पर्छ ।

घरमै सिकाउने उपाय

बालबालिकाले घरमा आफ्ना अभिभावकको बोलीवचन, व्यवहार र क्रियाकलापबाट धेरै कुरा सिक्न सक्छन् । अभिभावक एकआपसमा कस्तो व्यवहार गर्छन् ? छरछिमेकका मानिसका विषयमा बोल्दा कसरी बोल्छन् ? ती सब कुरा सुनेर बालबालिकाले धेरै कुराको अनुभव गर्न सक्छन् । धेरै कुरा सिक्न सक्छन् । त्यसैले अभिभावकले अरू छरछिमेकका मानिसहरूको कुरा गर्दा सम्मान गरेर बोल्ने गरेमा बालबालिकामा अरू मानिसहरूलाई सम्मान गर्ने बानीको विकास हुन्छ । त्यसैले बालबालिकालाई राम्रा बानी व्यहोरा सिकाउन अभिभावकले सधैँ सकारात्मक बन्ने, सकारात्मक सोच्ने र सकारात्मक काम गर्ने बानीको विकास गर्नु पर्छ ।

**खेलबाट सिकाइ**

बालबालिकालाई अक्षर, संख्या आदिको ज्ञान दिन रटाउने, घोकाउनेभन्दा रङ, अक्षर, संख्या सिकाउन कार्ड, ब्लक आदि प्रयोग गरेर सिकाउने गर्नु पर्छ । धेरै वटा कार्डमा अङ्क लेख्ने उनीहरूलाई उस्तै उस्तै लेखिएका कुरा छुट्याउन लगाउने गर्दा खेल खेल मै बालबालिकाले नयाँ कुरा सिक्न सक्छन् । जस्तै कुनै एउटा अक्षरका लागि एउटा मात्र रङको प्रयोग गरेर बनेका प्लेकार्डबाट बालबालिकालाई अक्षर खोज्न लगाउने गर्दा उनीहरू अक्षर र अङ्क छिटो सिक्न सक्छन् । बालबालिकालाई कुनै कुरा सिकाउन उनीहरूलाई निरन्तर उत्प्रेरण तथा प्रोत्साहनको खाँचो हुन्छ ।

**आलोचना होइन, प्रोत्साहन**

बालबालिकालाई आलोचना होइन, प्रोत्साहन गर्ने गरौँ । उनीहरूलाई अन्य बालबालिकासित तुलना गर्दै नगरौँ । किनकि प्रत्येक बालबालिकामा ज्ञान, सिप, धारणा, रुचि र क्षमता फरक फरक हुन्छ । उनीहरूले सानोतिनो प्रगति गरे भने पनि मुक्तकण्ठले प्रशंसा गर्ने गरौँ । बालबालिकालाई सामूहिक काम गर्न दिउँ जस्तै कक्षा कोठाको सरसफाइ गराउने जस्ता कामबाट उनीहरूमा टिममा मिलीजुली काम गर्ने बानीको विकास हुन जान्छ । जुन सिप उनीहरूलाई जीवनपर्यन्त काम लाग्छ । बालबालिकालाई उनीहरूले राम्रो काम गर्दा प्रोत्साहनका लागि ताली बजाउने गरौँ । उनीहरूले राम्रो काम गरेमा स्टिकर दिने गरौँ । राम्रो काम सानोतिनो गरे पनि खुलेर प्रशंसा गर्न कदापि नबिर्सौं ।

# सामुदायिक विद्यालयको व्यवस्थापन



• प्राडा कृष्णकान्त पराजुली

धेरै समयदेखि प्रतिनिधि सभा अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि समितिमा अड्केको शिक्षा विधेयक हालै मात्र माओवादी, राप्रपा र रास्वपाका फरक मत सहित पारित भएको छ । विधेयक पारित हुने क्रममा सम्बन्धित मन्त्री समेतको उपस्थितिमा यो विषयले धेरै महत्व पाएको देखिन्छ, जुन आवश्यक पनि थियो । नेपालको संबिधान - २०७२ को मौलिक हक अन्तर्गत धारा ३१ (ख) मा प्रत्येक नागरिकलाई राज्यबाट निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । यसरी संविधानले शिक्षालाई मौलिक हकको रूपमा परिभाषित गर्दै निःशुल्क शिक्षा प्रदान गर्न राज्यलाई बाध्य बनाएकाले यसको प्रभावकारी कार्यान्वयन राज्यको कानुनी, नैतिक र संवैधानिक दायित्वमा पर्छ ।

अब प्रश्न उठ्छ, के राज्य आफ्ना दायित्व पूरा गर्न सक्षम छ ? जब राज्य स्रोतसाधनले सुसज्जित छैन, तब आफ्नो दायित्व र कर्तव्य पूरा गर्न वैकल्पिक सहायताको आवश्यकता स्वाभाविक हुन्छ । नेपाल जस्तो विकासशील राष्ट्रका लागि निजी क्षेत्रसँग सहकार्य गर्नु विकल्प मात्र होइन, अपरिहार्यता पनि हो । शिक्षा संविधानले प्रत्याभूत गरेको मौलिक हक हो, जसको कार्यान्वयन राज्यको जिम्मेवारी हो । राज्यले आफ्नै क्षमताले सबै नागरिकलाई समान गुणस्तरीय शिक्षा उपलब्ध गराउन नसक्ने स्थितिमा, निजी क्षेत्रको सहकार्यमा खुलेका विद्यालयले त्यो अभाव पूर्ति गरिरहेका छन् । निजी विद्यालय केवल व्यावसायिक संस्था मात्र होइनन्, यी त राज्यले पुऱ्याउन नसकेको शिक्षाको पहुँच पुऱ्याउने, गुणस्तर कायम राख्ने र शैक्षिक विकासमा योगदान दिने समर्पित सहयात्रीसमेत हुन् । आफ्नो सम्पत्ति, ऊर्जाशील समय र उद्यमशीलता लगानी गरेर शिक्षाको ज्योति बाल्ने निजी क्षेत्रका व्यक्तिहरूप्रति कृतज्ञता व्यक्त गर्नु त राज्यको कर्तव्य नै हो । यिनलाई हतोत्साही गरिनु हुन्न ।

राज्यका प्रमुख निकायमध्ये शिक्षा, विज्ञान तथा प्रविधि समितिमा भएको पछिल्लो छलफलमा निजी विद्यालयप्रति केही जनप्रतिनिधिद्वारा उठाइएका विषय र टिप्पणी यथोचितभन्दा पनि प्रतिक्रियात्मक देखिन्छन् । यी विषय शिक्षा क्षेत्रको समग्र सुधारतर्फ होइन, कसलाई नियन्त्रण गर्ने भन्ने मनोविज्ञानमा केन्द्रित देखिएको छ । तसर्थ नीति निर्माण र बहसहरूको उद्देश्य सहयोगी संस्थालाई ठेगान लगाउने होइन, सहकार्यद्वारा सुधारको बाटो पहिल्याउने हुनु पर्छ । निजी विद्यालयको भूमिकालाई स्वीकार गर्दै, उनीहरूको योगदानप्रति सकारात्मक दृष्टिकोण राख्नु नै समावेशी र प्रगतिशील राष्ट्र निर्माणको आधार हो । शिक्षा दीर्घकालीन समाज रूपान्तरणको आधारशिला भएकाले देशको शिक्षा नीति निर्माण गर्ने जिम्मेवारीमा रहेका जनप्रतिनिधिले दीर्घकालीन राष्ट्रिय हित, गुणस्तरीय शिक्षा र सबै नागरिकको समान अवसरलाई केन्द्रीकृत गरी बहस गर्नु आवश्यक छ । तसर्थ निजी विद्यालयको योगदानको मूल्याङ्कन गहिरो, वस्तुनिष्ठ र सम्मानजनक ढङ्गले गरिनु आजको आवश्यकता हो ।

शैक्षिक योगदान : विद्यालय शिक्षाको हरेक तहको उत्तीर्ण दर राज्यले पूरा उत्तरदायित्व वहन गरेको सामुदायिकको तुलनामा निजी विद्यालयमा उच्च छ । विद्यार्थीको यसै वर्ष-२०८२ को एसइईको नतिजालाई हेर्ने हो भने कुल ४,३८,८९६ विद्यार्थीमध्ये ६१.८१ प्रतिशत उत्तीर्ण हुँदा सामुदायिक तर्फ ५१.५१ प्रतिशत र निजी विद्यालयतर्फ ८५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । निजी विद्यालयमध्ये अधिकांशले अङ्ग्रेजी माध्यमलाई प्राथमिकता दिँदै आधुनिक शिक्षण पद्धति, व्यावहारिक शिक्षण, कम्प्युटर र विज्ञान प्रयोगशाला उपलब्ध गराएका छन्, जसका कारण विद्यार्थी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बन्न सफल भएका छन् । त्यति मात्र होइन दक्षता र उच्च शिक्षा प्रवेशमा निजी विद्यालयका विद्यार्थी अग्रपङ्क्तिमा देखिएका छन् ।

सामाजिक योगदान : निजी विद्यालयले समाजमा अवसर र गतिशीलता ल्याएका छन् । समाजका विपन्न र गरिब, जेहन्दार, दलित विद्यार्थी जो निजी विद्यालयमा पढ्ने आर्थिक हैसियत राख्न सक्दैनन् उनीहरूलाई छात्रवृत्ति (न्यूनतम १० प्रतिशत) मार्फत सेवा पुऱ्याइरहेका छन् । ग्रामीण तथा मध्यमवर्गीय परिवारका बालबालिकाले पनि निजी विद्यालयमा शिक्षा पाएर आफ्नो भविष्य निर्माण गरेका छन् । अङ्ग्रेजी र प्राविधिक शिक्षाले उनीहरूलाई अन्तर्राष्ट्रिय अवसरसँग जोड्ने माध्यम बनेको छ । समाजमा आर्थिक रूपमा सम्पन्न र विपन्न वर्गका अभिभावकका बालबालिका एकै छानामुनि पढ्न पाउँदा सामाजिक दुरी र दृष्टिकोण साझा बन्न सकेको छ । विदेशी विद्यालयसँग गरिएका सहकार्यले नेपाली विद्यार्थीले विदेशी रहनसहन, रीतिरिवाज, चाडपर्व, भाषा संस्कृतिका बारेमा जानकारी लिन दिन सक्ने अवसर मिलेको छ ।

आर्थिक योगदान : शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको रिपोर्ट -२०८१ को तथ्याङ्कलाई आधार मानेर आर्थिक वर्ष २०८२/८३ मा शिक्षा मन्त्रालयलाई छुट्याइएको बजेट दुई खर्ब ११ अर्बको हिसाब गर्दा प्रति विद्यार्थी खर्च ४५,४४७ रुपियाँ (इसिइडीलाई समावेश गरेमा यो खर्च केही कम हुन्छ) हुन जान्छ । यही दरमा संस्थागत विद्यालयतर्फका विद्यार्थीलाई खर्च छुट्याउनु परेमा राज्यले अतिरिक्त आर्थिक भार प्रतिवर्ष एक खर्ब सात अर्ब ६२ करोड (चालु पुँजी मात्र) वहन गर्नुपर्ने हुन जान्छ ।

करिब एक लाख शिक्षक निजी विद्यालयको रोजगारीमा आबद्ध छन्, त्यसका अतिरिक्त अन्य कर्मचारी, विद्यालय बस चालक, सहचालक आदि समेत जोड्दा निजी विद्यालय सञ्चालक यो संख्या दुई लाख ५० हजारभन्दा बढी रहेको दाबी गर्छन् । प्याब्सन नेतृत्वको रिपोर्ट अनुसार निजी सञ्चालकको पाँच खर्बभन्दा बढी रकम विद्यालयको भौतिक विकास तथा पूर्वाधारमा खर्च भएको देखिन्छ । नेपालका ८,१४९ निजी विद्यालयमा स्वदेशमै पढ्ने कुल विद्यार्थी सङ्ख्याको करिब ३४ प्रतिशत बालबालिका (१८ लाख) आबद्ध छन् । निजी विद्यालयले विद्यालय स्तरका अध्ययनका लागि बिदेसिन सक्ने बालबालिकालाई स्वदेशमा रोकी विदेशिने ठुलो धनराशि स्वदेशमै रोक्न सफल भएको छ । यसले आर्थिक गतिविधिलाई चलायमान गराउन सहयोग गरेको छ । यो तथ्याङ्कले निजी विद्यालयले राज्यलाई ठुलो आर्थिक योगदान गरेको देखिन्छ ।

नेपालको शिक्षा क्षेत्रमा निजी विद्यालयले राज्यको ठुलो भार वहन गर्दै आएका छन् तर हालै पारित शिक्षा विधेयकले निजी विद्यालयलाई नियन्त्रण गर्ने उद्देश्यका साथ विभिन्न बाध्यकारी नीति लागु गर्दै हतोत्साहित गर्ने प्रयास गरेको देखिन्छ । पूर्ण छात्रवृत्ति लागु गर्नुपर्ने (जसमा होस्टेल सुविधा, कापीकलम, किताब, विद्यालय ड्रेसलगायत सम्पूर्ण व्यवस्था निजी विद्यालयले नै अनिवार्य रूपमा गर्नुपर्ने), निजी विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाउनुपर्ने, निजी विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई भविष्यमा प्राप्त हुन सक्ने छात्रवृत्तिबाट वञ्चित गरिनु जस्ता नीतिगत बाध्यकारी कदमले निजी विद्यालयको अस्तित्व नै सङ्कटमा पारेको तथा ज्यादा अतिक्रमण भएको महसुस गरी निजी विद्यालय सञ्चालकको छाता सङ्गठन प्याब्सन र एन-प्याब्सनले आन्दोलनको घोषणा गरेका छन् ।

संस्थागत विद्यालयका सञ्चालक वा शिक्षकलाई आन्दोलित गर्नु, कम्पनी ऐन अन्तर्गत दर्ता गर्न लगाएर गैर नाफामूलक बनाउन दबाब दिनु, निजी विद्यालयसँग नभएका साधन खरिद गरेर भए पनि उपलब्ध गराउन दबाब दिनु, त्यहाँ अध्ययन गर्ने विद्यार्थीलाई भविष्यका अवसर र सुविधाबाट अलग राख्नु अन्यायपूर्ण कर्म हुन् । निजीमा आफ्ना बालबालिका पढाउने राष्ट्रसेवक शिक्षक, कर्मचारीलाई कारबाही गर्ने नीति बनाउनु, निजी विद्यालयमा आफ्ना बालबालिका पढाउन बाध्य अभिभावकलाई हुनेखाने वर्गमा वर्गीकरण गर्नु, निजी विद्यालयले दिएको गुणस्तर घटाउन दुरुत्साहन गर्नु, निजी विद्यालयलाई नियन्त्रणमा राखी भए गरेका केही उपलब्धिलाई समाप्त गर्न खोज्नु हुन्न ।

निजी विद्यालयलाई हतोत्साहित गरी भत्काउनु समस्याको समाधान होइन, बरु सामुदायिक विद्यालयको स्तर उन्नति गरी सबै नागरिकको पहिलो रोजाई स्वतः सामुदायिक विद्यालय बनाउनु राज्यको कर्तव्य हो । निजी विद्यालयलाई भत्काएर, तर्साएर वा दबाबमा राखी नियन्त्रण गर्नुभन्दा त्यसलाई नियमन गरी सामुदायिक विद्यालयको स्तर उन्नतिलाई अभिवृद्धि गर्नु राज्यको दायित्व हो । यद्यपि निजी विद्यालयको शुल्क महँगो भएको कारण शिक्षामा असमानता बढाएको भन्ने आलोचना पनि उत्तिकै छ । यसमा निजी विद्यालय सचेत हुँदै, राज्यका प्रति जिम्मेवार बन्दै ज्यादा नाफामूलक बन्नुभन्दा सेवामूलक बन्ने उद्देश्य राखिनु पर्छ ।

सामुदायिक विद्यालयको गुणस्तर र व्यवस्थापन कमजोर भएका कारण अभिभावक आफ्नो आर्थिक अभाव हुँदाहुँदै पनि आफ्ना बालबालिका संस्थागत विद्यालय पठाउन बाध्य हुन्छन् । त्यसैले यस्ता विद्यालयमा आफ्ना बालबालिका पढाउनु उनीहरूको कमजोरी नभई राज्यद्वारा सञ्चालित सामुदायिक विद्यालयको शैक्षिक तथा प्रशासनिक असक्षमताको परिणाम हो भन्ने बुझ्नु जरुरी छ । निजी विद्यालयको विकल्प सामुदायिक र सामुदायिकको विकल्प पनि सामुदायिक विद्यालय नै बनाउन सक्नु राज्यको कर्तव्य हो । सामुदायिक विद्यालयको प्रभावकारी व्यवस्थापन नै विद्यालय शिक्षामा विद्यमान सबै समस्याको दीर्घकालीन र अचुक समाधान हो ।

# कोशी अस्पतालमा निःसन्तान क्लिनिक सञ्चालन




झापा(प्रस) । कोशी अस्पतालमा इन्ट्रा युट्राइन इन्सेमिनेसन (आईयूआई) सेवा सञ्चालनमा आएपछि निःसन्तानपनको समस्याले पीडित दम्पतीलाई सहयोग पुऱ्याएको छ । दैनिक १० देखि १५ दम्पती निःसन्तान उपचारको लागि अस्पतालद्वारा सञ्चालित निःसन्तान उपचार क्लिनिक आउने गरेका छन् । अस्पतालको स्त्री तथा प्रसूति रोग विभागमार्फत सञ्चालन भइरहेको उक्त क्लिनिक संघीय राजधानी बाहिर पहिलो पटक सरकारी अस्पतालमा सञ्चालन गरिएको हो ।

उक्त सेवा सञ्चालनमा आएपछि निजी अस्पतालमा गएर खर्च धान्न नसक्ने न्यून आयभएका दम्पतीले राहत महसुस गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रुणा झाले बताइन् । "निजी क्लिनिकमा गएर निःसन्तानपनको उपचार गर्न नसक्ने गरिब तथा विपन्न वर्गका दम्पतीलाई सरकारी अस्पतालमा सर्वसुलभ तरिकाले उपचार सेवा प्रदान गर्ने उद्देश्यले अस्पतालमा सेवा सुरु गरेका थियौँ", उनले भनिन्,"अझै पनि धेरैलाई निःसन्तान क्लिनिकले प्रदान गर्ने सेवाको बारेमा जानकारी पर्याप्त मात्रामा पुग्न सकेको छैन, त्यसैले सोचेजस्तो सेवाग्राही आएका छैनन्" ।
अस्पतालको स्त्री तथा प्रसूति रोग विभाग प्रमुख डा अञ्जुदेव र स्त्रीरोग विशेषज्ञ डा मधुमिता राणाले उक्त क्लिनिक सञ्चालन हुँदै आएको क्लिनिकमा सेवा प्रदान गरिरहेका छन् । परामर्श, प्रारम्भिक परीक्षणदेखि लिएर आवश्यक भएमा आययूआईसम्मको सेवा विभागमार्फत दिइने गरिएको छ ।
निजी अस्पतालको खर्च धान्न नसक्ने धेरै दम्पती यहाँ सुलभ शुल्कमा परीक्षण, परामर्श र उपचार सरकारी अस्पतालमै सञ्चालन भएपछि धेरैलाई आशा पलाएको प्रमुख डा अञ्जुदेव बताउँछिन् । "हामीले सङ्घीय राजधानीको प्रसूति गृह अस्पताल सरहको शुल्कमै सेवा प्रदान गरिरहेका छौँ", उनी भन्छिन्, "हामीले आइयूआई सेवाको शुल्क करिब रु ६ हजार तोकेको छौं जुन निजी क्लिनिकमा दोब्बर वा सो भन्दा बढीपर्छ । शुल्क सस्तो भएपछि मध्यम आयवर्गका दम्पतीलाई यसले ठुलो राहत दिएको छ । "
अस्पतालले सुरु गरेको निःसन्तान उपचार सेवा स्वास्थ्य बीमितका लागि राहतदायी बन्ने भएको छ । अस्पतालका अनुसार बीमामा आबद्ध सेवाग्राहीले बीमा कार्ड प्रयोग गरी आवश्यक जाँच र उपचार सेवामध्ये अधिकांश सुविधा कम खर्चमा लिन सक्नेछन् । प्रमुख डा अञ्जुदेवका अनुसार निःसन्तानको समस्यामा परेका दम्पतीका लागि यो सेवा ठुलो राहतका रूपमा आउनेछ । "कुनै-कुनै अपवादबाहेक अधिकांश जाँच स्वास्थ्य बीमा योजनामार्फत नै गराउन सकिन्छ," उनले भनिन् "हाम्रो चाहना सकेसम्म बिरामीलाई न्यून खर्चमा सेवा दिन सकियोस् भन्ने हो "।
उपचारको बारेमा आम जनतालाई अझ जानकारी दिनुपर्ने आवश्यकता औँल्याउँदै, बीमाको पहुँच बढे उपचार सेवामा सहजता आउने विश्वास रहेकोसमेत बताइन् । यसबाट विशेषगरी आर्थिक कारणले उपचारबाट वञ्चित हुँदै आएका परिवारलाई प्रत्यक्ष लाभ हुने अपेक्षा गरिएको उनको भनाइ छ ।
निःसन्तानपनको उपचारमा आईयूआई प्रारम्भिक चरणमा प्रयोग हुने प्रविधि मानिन्छ । उनी भन्छिन्, "पुरुषमा शुक्राणुको मात्रा वा गुणस्तर कम हुँदा, महिलामा अण्डा उत्पादनमा समस्या हुने, महिनावारी अनियमित हुने वा शुक्राणु पाठेघरमा नपुग्ने समस्या आयो भने आययूआई प्रविधिबाट सन्तान सुख दिलाउन सकिन्छ ।"

उनका अनुसार हाल अस्पतालमा आईयूआई सेवा सुरु गरिएको छ, भने सफलतापूर्वक सञ्चालन भएपछि आवश्यकता अनुसार इन-भिट्रो फर्टिलाइजेसन (आईभीएफ) सेवा पनि सुरु गर्ने योजना छ । आईयूआईबाट पनि उपचार सम्भव नभएमा भने दम्पतीलाई सरकारले सञ्चालन गरेको अन्य अस्पतालमा रेफर गरिने उनको भनाइ छ ।

# १० लाखसम्मको कर्जामा राष्ट्र बैंकको सहजीकरण

झापा(प्रस) । दश लाख रुपैयाँसम्मको ऋणका लागि अब सहजीकरण गर्ने भएको छ । मौद्रिक नीतिमा गरिएको व्यवस्था अनुसार राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई परिपत्र गर्दै यस्तो व्यवस्था गरेको हो । निर्धारण गरेको हो ।
यसरी प्रवाह गर्ने कर्जाको सुरक्षणको रूपमा राखिएको धितो मूल्याङ्कन बैंक तथा वित्तीय संस्थाका कर्मचारी वा अन्य धितो मूल्याङ्कनकर्ताबाट गर्न सकिने उल्लेख गरिएको छ । गरी भुक्तानी तालिका कायम गर्नु पर्नेछ ।
अहिले मासिक रूपमा बुझाउनुपर्ने किस्तालाई परिवर्तन गर्दै बाली भित्रिने समय अनुसार किस्ता तिर्ने व्यवस्था गरिएको छ । त्यस्तै बैंक तथा वित्तीय



परिपत्र अनुसार इजाजतपत्रप्राप्त संस्थाले कृषि उपज, कृषियोग्य जमिन, कृषि व्यवसाय संरचनाको धितो आफैले मूल्याङ्कन गरी १० लाखसम्मको खाद्यान्न बाली, पशुपन्छी, माछापालन लगायत कृषि व्यवसायसँग सम्बन्धित कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने उल्लेख गर्दै यसका लागि शर्त यस प्रयोजनका लागि धितो मूल्याङ्कन गरेवापत् ऋणीसँग धितो मूल्याङ्कन शुल्क लिन नपाइने उल्लेख गरिएको छ । कृषि उपज तथा उत्पादनको प्रकृतिसँग तालमेल हुने गरी किसानले उत्पादन गरी बाली भित्र्याउने वा बिक्री गर्ने समय र कर्जाको किस्ता भुक्तानी गर्ने समयबिच तालमेल मिल्ने संस्थाले इजाजतपत्रप्राप्त संस्थाले व्यवसायको नगद प्रवाहलाई आधार लिई कर्जामा पर्याप्त ग्रेस अवधि प्रदान गर्नुपर्ने उल्लेख छ ।
ग्रेस अवधि प्रदान गरेको पहिलो वर्ष असल कर्जाका लागि ०.२५ प्रतिशत र दोस्रो वर्ष ०.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ ।

# बेलायतवासी नेपालीहरूलाई कुलमानको आह्वान




झापा(प्रस) । नेपाल विद्युत् प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङले उज्यालो नेपाल अभियानमा साथ दिन बेलायतवासी नेपालीहरूलाई आह्वान गरेका छन्।
लन्डन नजिकै केम्प्टन पार्कमा तमु धिं युकेद्वारा आयोजित १६ औं नेपाली मेलालाई सम्बोधन गर्दै घिसिङले बत्तीको उज्यालोले मात्रै नभएर नेपालको समग्र क्षेत्रमा उज्यालो ल्याउनका लागि उज्यालो नेपाल अभियान सुरु गरिएको बताएका हुन् । उनले उक्त अभियानमा साथ र सहयोग गर्न सबैलाई आग्रह पनि गरे। खाडी मुलुकहरू साथै अमेरिका र युरोपका विभिन्न मुलुकहरूको भ्रमण गरेर बेलायत पुगेका घिसिङले २०७२ सालको संविधानमा एनआरएन नागरिकताको प्रावधान रहेता पनि दश वर्ष सम्म कानुन बन्न नसकेकाले त्यो कार्यान्वयनमा आउन नसकेको बताए । 'अब थप ढिला नगरीकन यसलाई छिटो भन्दा छिटो कार्यान्वयनमा ल्याउनु पर्छ,' उनले भने। घिसिङले सगरमाथा, भगवान् गौतम बुद्ध र गोर्खाजले नेपाललाई संसारभरि चिनाएको बताउँदै गोर्खा सैनिकहरूको माग जति सक्दो चाँडो पुरा गर्न आग्रह पनि गरे। 'एक पटकको नेपाली सधैंको नेपाली' भन्ने मूल मर्म अनुरूप वंशजको नागरिकताको निरन्तरताको विषयमा आफ्नो पूर्ण समर्थन रहेको उनले बताए। भर्खरै गरिएको एक अध्ययनले नेपालीहरूले पठाएको एक डलरले नेपालको अर्थतन्त्रमा दुई डलर भन्दा पनि बढी योगदान गरिरहेको देखाएको जनाउँदै घिसिङले संसारभरि रहेका प्रवासी नेपालीहरू नेपालको ठुलो एसेट (सम्पत्ति) भएको बताए हो। एनआरएनलाई नेपाली सरह नेपालमा लगानी गर्ने वातावरण बनाउन पनि उनले आग्रह गरे। उनले नेपालको रूपान्तरणका लागि आवश्यक परे स्वदेश फर्कन तयार रहन पनि आग्रह गरे ।

# तत्काल इम्बोस्ड नम्बर नलगाउनू

झापा(प्रस) । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले पूवर्धाधारविना तत्काल सवार ।साधनहरूमा इम्बोस्ड नम्बर प्लेट जडान नगराउन माग गरेको छ। महासंघले सोमवार विज्ञप्ति जारी गर्दै सरकारले अनिवार्य सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न लगाएको भन्दै यसप्रति ध्यानाकर्षण भएको जनाएको हो।

'विगत वर्षदेखि नेपाल सरकारले सार्वजनिक तथा निजी सवारीमा अनिवार्य इम्बोस्ड नम्बर प्लेट लगाउने निर्णय गरी कार्यान्वयनमा जाँदा आमरूपमा विरोध पश्चात इम्बोस्ड नम्बर लगाउने कार्य स्थगित भएको सर्वविदितै छ, हाल पुनः भौतिक



पूर्वाधार तथा यातायात मन्त्रालयबाट २०८२/०४/२० गते भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार सार्वजनिक सूचना प्रकाशित गरी २०८२/६/१ गतेदेखि सम्पूर्ण सवारीसाधनमा अनिवार्य इम्बोस्ड नम्बर प्लेट लगाउने सूचना प्रकाशित गरी मातहतका निकायमा निर्देशन जारी गरेकोमा महासंघको उक्त सूचनाप्रति गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा उल्लेख छ।

महासंघले भौतिक पूर्वाधारविना राजश्व असुली गर्ने कार्य न्यायोचित नभएको पनि बताएको छ। 'इम्बोस्ड नम्बर प्लेट लगाउने विषयमा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलालाई यस महासंघ सम्मान गर्दछ, तसर्थ देशभरी रहेका यातायात व्यवस्था कार्यालयहरूमा इम्बोस्ड नम्बर लगाउने प्रविधिको विकास भएको छैन, वर्तमान अवस्थामा इम्बोस्ड नम्बर लगाउन जाने सार्वजनिक सवारीका साधनका व्यवसायीहरूले पुरानै नम्बरमा कर तिर्ने कागजपत्र नविकरण गर्ने र इम्बोस्ड नम्बरको राजश्वमात्र लिने कार्य भएको र भौतिक पूर्वाधार विना राजश्व असुली गर्ने कार्य न्यायोचित नभएको हुँदा तत्काल जारी गरिएको सूचनालाई पुन्मूल्याकंन गरी आवश्यक सुधार गरी पूर्वाधार र प्रविधि विकास गर्न सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गर्दछौँ,' विज्ञप्तिमा उल्लेख छ।

महासंघले यथास्थितिमा इम्बोस्ड नम्बर लगाउने निर्णयको देशभरीका व्यवसायीहरूबाट विरोध गर्न अनुरोध गर्दै इम्बोस्ड नम्बर प्लेट नलगाउनसमेत अपिल गरेको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको यातायात व्यवस्था विभागले भदौ ३ गते सूचना जारी गर्दै आगामी असोज १ गतेदेखि अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गर्न उर्दी जारी गरेको छ। यतिखेर उक्त सूचनाको चौतर्फी आलोचना भइरहेको छ।

# पेस हुन सकेन मल वितरण कार्ययोजना

झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले रासायनिक मल वितरण र व्यवस्थापनबारे कार्ययोजना प्रस्तुत गर्न दिएको समयसीमा बितेको धेरै दिन हुँदा पनि कार्ययोजना प्रस्तुत हुन सकेको छैन ।

प्रधानमन्त्री ओलीले कृषि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई गत २७ साउनमा तीन दिनभित्र कृषि मल व्यवस्थापन र उत्पादन वृद्धिबारे ठोस योजना ल्याउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएका थिए ।
प्रधानमन्त्रीले निर्देशन दिएको १२ दिन पुगिसक्दा पनि योजना पेस हुन सकेको छैन । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस विषयमा कार्ययोजना तयार गरेर राखे पनि प्रधानमन्त्री कार्यालयबाट समय नपाउँदा पेस हुन नसकेको जनाएको छ । कृषि मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले प्रधानमन्त्रीको निर्देशनबमोजिम प्रतिवेदन तयार बनाएर राखेको र बोलाउने बित्तिकै पेस गर्ने जानकारी दिए ।

यसअघि प्रधानमन्त्री ओलीले २०८१ फागुन १ गते पनि किसानलाई रासायनिक मलको अभाव हुन नदिन र कालोबजारी रोक्न ठोस कार्ययोजना ल्याउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिए थिए ।

प्रधानमन्त्रीले मलको विषयलाई चासोका साथ लिएर ठोस कार्ययोजना ल्याउन निर्देशन दिए पनि यस विषयले भने प्राथमिकता पाउन सकेको छैन । माग अनुसार मलको आपूर्ति नहुँदा, वितरण प्रणाली प्रभावकारी नहुँदा किसानले बर्सेनि मलको समस्या झेलिरहेका छन् ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर
**वृष** – भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
**मिथुन** – रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
**कर्कट** – मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
**सिंह** – दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
**कन्या** – आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
**तुला** – सामान हराउने वा चोरी हुने सम्भावना छ ।
**वृश्चिक** – दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
**धनु** – आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
**मकर** – आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
**कुम्भ** – कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
**मिन** – सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ